समृद्ध प्रदेशका लागि युवा स्वरोजगारः

अवसर र चुनौती

देश होस् वा प्रदेशः समृद्ध तब कहलिन्छ जब प्रदेश सिमा भित्रका समाजहरुमा जनहरु नाङ्गो-भोको माग्दै हिंड्न नपरे, बर्खै पिच्छे बाढीले घर लान्छ कि...?भनी त्रासले अनिदोमा नपरे, कोई आमा खाना पकाउने हतारमा पंधेरा जाँदा पालो कुर्दैमा साँढे ९ बज्न नपरे, व्याथाले च्याप्दा शिशु र आमा अकालमा मर्न नपरे, बाटो हिँड्दा गाडीको कुनै सिटको प्यासेन्जरले बाटोलाई सराप्दै गरेको सुन्न नपरे, गाउँ-बेसी धाउदा चौतारीमा वर-पीपलको साटो बियरको बोतल र चुरोटको ठुटा देख्न नपरे, बुढेसकालमा पाको छोरा / छोरी उच्च शिक्षा पढ्न जाँदा वर्षको १ पटक हैन कमसेकम शुक्रबार बेलुका गाडी चढी बा/आमा भेट्न आउन पाए, रोधीघरमा घुमाउरपो पिँढीमा बसी कहिलेकसो धित मर्ने गरी मारुनी, सोरठी, चुड्का नाँच्न पाए, वडा सभामा घरबाट प्रतिनिधित्व गर्न बा/आमा मध्ये कोई एक निर्धक्क पुग्न पाए समृद्धि त्यहि हो। ठुलावडा, थुप्रो,ह्रास कोहि होइन समाज भित्रका फोहोर बढार्न पाए, नपुगेको कुरा थोर-बहुत थप्न सुरु गर्न पाए समृद्धि त्याहि हो। प्रकृति वरदान नै हो, गोडा-चारे हण्डर खाईकन निष्कर्षमा लेखिको साध्य होइन। झन्डै ५० कटेसि कोहि महिला आमा बन्न सक्दिनन्, जन्मने बित्तिकै हिड्न-बोल्न सकिँदैन, मरपछी १ वचन बोल्नै मिल्दैन। त्यसैगरी यो 'युवा' अवस्था कुनै आवश्यकताको कवच होइन, कसैले धोषणा गरिदिएको होइन; यो प्रकृति हो जतिबेला मानिस साँच्चिकै जोश, जाँगर, बल, शाहस, आँट, चेतना, सचेतना, विश्वास, दृढताले भरिपुर्ण हुन्छन्। यो वास्तवमा प्रकृति हो जुन म लगायत अन्य धेरै युवाहरुले पुर्णरुपमा जान्न सकिरहेका छैनन्। आफ्नै काविलियतसँग हामी अन्जान छौँ जहाँ समृद्ध सम्रचनाको पुरा ज्ञान भरी-भरी छ। युवा र बुढ्यौली अवश्थाका प्राकृतिक भिन्नता हामी आफ्नै परिवारमा पनि अध्ययन गर्न सक्छौँ, फरक छुट्याउन सक्छौँ।

बढ्दो जनसङ्ख्या, शहरीकरण, राजनैतिक व्यथिनि, कागजको मात्र नितिहरुले प्रदेशका युवाकरुका यी जोश/जाँगरलाई कसरी जिवन्त राख्ला, न्याय के देला, समेटिएला/बिथोलिएला भन्ने कुरामा टिप्पणी गर्न र गराउन समय खर्चने हो भने हाम्रो बुढेस्काल टाढा छैन। कानुनी संरचनाको मात्र आड लिनुभन्दा स्वयं आफूनै आफ्नो पहिचान चिन्न सक्यौँ भने त्यो भन्दा सुन्दर वस्तु अरु नहोला। एउटा संस्थाले कुनै गाउँमा गई राहत चामल बाँड्नु भन्दा हरेक परिवारले १/१ सुर्का घैया लगाउनु दिगो लाग्छ। युवा स्वरोजगार नै प्रदेश व्यापी बेरोजगारको मुलत हतियार हो। श्रम मौरी फूल चुस्न नगइदिए रानी मौरीः के रानी मौरी?...घारः के घार?...

अवसर सधै हाम्रो ढोकामा ढकढकाउँदैन, हामी हाम्रो अवसर आफैँ खोज्न जान मिल्छ, जम्मा पार्न सकिन्छ, नभेटिए बनाउन मिल्छ, खोतल्न सकिन्छ। 'एक थुकि सुकि सय थुकि नदि' झै एक होइन प्रयास भने सयले नै गर्न जरुरी छ।

अधिकार एक अवसरः

नैसर्गिक, सामाजिक, राजनैतिक, कानुनी अधिकार पुर्णरुपमा प्रयोग गर्न एक सर्वश्रेष्ट अवसर जो हरेक युवाले गर्नै पर्छ र सकिन्छ पनि। युवा स्वरोजगारर युवाको मात्र होरन सबैको सरोकार हो। विशेषत युवामा स्वयं रोजगारको भोक र भोजनको चेतना हुनु चाँही सुनमा सुगन्ध बराबर हो। कानुन नै प्रजातान्त्रिक देशमा जनताको संरक्षक त हो, अझ युवा आफू भने त्यसकै अभिन्न अंग हो। स्वरोजगार सुचारु एवं परिचालनमा हाम्रै प्रदेश भित्र अनेकौँ अवसर छनः

- छात्रवृतिमुलक शैक्षिक अवसरः
  विश्वविध्यालय अध्ययनमा आर्थिक वोपन्न वर्गलार यसले ठूलो राहत दिन्छ
- कर्जाको अवसरः
  शैक्षिक कर्जा, व्यापार, कृषि, भवन निर्माण/घर कर्जा
- प्राकृतिक श्रोत साधनको धनी प्रदेशक संरचनाः
  उपभोक एवं व्यापारिक अवसर
- सांसकृतिक भिन्नता र सहिष्णुताः
  पर्यटन प्रवर्धन एवं विकासको अवसर
- इन्टतनेटको अवसरः
  हरक क्षण नयाँ कुरा सिक्ने अवसर, अनलाइन व्यापार, भर्चुअल शिक्षा, मिडिया वकालत
- साना व्यावसाय तालिम, गैर सरकारी संस्थाको वयापकता

यी मध्यका किनै पनि रोजगारिका अवसर हामीले राज्यसंग वा प्रदेशिक यत्नबात होइन सामाजिक बुझाइ र चेतनाले प्राप्त गर्न सक्ने रोजगारका अवसर हुन्।

अवसर जस्तै युवा स्वारिजगारमा चुनौती पनि त्यति नै व्यापक छन्ः

- झन्डै आधा मानिसलाई उनिहरुका पूर्ण अधिकारको बारे थाहा नै छैन
- अधिक अभिभावक अशिक्षित छन् जसले अ-सचेत बच्चा र बयस्कहरु घरमा हुर्काइरहेका छन्
- सुचनाको अधिकार भएतापनि पहुँच अति कम
- राजनैतिक अस्थिरताले जनमानसको विश्वासको स्तम्भ सुरक्षित राख्न नसकेको अवश्था

- आर्थिक विपन्नता
- सामाजिक संजालको फाइदा लुट्न जुट्न भन्दा जोखिम र सम्भावना केलाउँदा युवामा यसको नकरात्मक प्रभाव
- सामाजिक असुरक्ष
- माहिला नेतृत्वको अभाव र शसक्तिकरणको संकट

अझै ठूलो र व्यापक चुनौती त चेतनाको चुनौती हो। चुनौतीहरुसगँ दैनिक लड्न सक्दैन प्रदेश तर केले किन सकेको छैन भन्नेमा खोज भने कमैले गरिरहेका छन्। निमुखा त निमुखा नै भए बोल्ने सक्ने पनि निष्कृय रहँदा अवस्था अझ दयनिय बन्दै गएको छ।

यस्ता चुनौतीसँग लड्ने दक्षता प्रदेशको युवाहरुमा विकास हुन आवश्यक छ। विपद्सँग जुधिरह्यौँ भने अवसरलाई अझ व्यावहारमा ल्याउन सकिन्छ। अन्तत युवा स्वरोजगाररले व्यावहारिक न्याय पाउँदो हो भने हरेक परिवारमा सचेत युवा हुँदो हो, कुनै परिवारमा जड्याँहा छोरो नहुँदो हो, दैनिक पार्लर जाने बुहारी नहुँदिहुन्, बुढा बा-आमाले छोरो बाकसमा होइन साथमा पाउँदिहुन्, छोरीका शैक्षिक डिग्रीका ओजन बढ्छ, भड्खलो-खहरे कुलो सिचाँई बनी खेतमा आउँछ, बाँझो बारी बच्दैन, मर्दा मलामी खाँचो पर्दैन, रोधीघर फोटोमा हेर्नु पर्दैन, संस्कृति बाँच्दछ,युवा जोश जीवन्त हुन्छ, चेतना जन्मदो हो, सचेतना फैलदो हो, धनी किन कहलिन पर्यो, र, सबै परिवार खुसी हुँदो हो।

यसर्थमा यो होइन कि प्रदेश सुन्दर, शान्त र विशाल रहेनछ, प्रदेश अति नै सुन्दर छ, आशाहरु कहाँ मरेका छन् र? भोकाहरु कहाँ नकराई बसेका छन् र? विकास त निरन्तर प्रक्रिया हो। बदलाब आइरहन्छ, युवा जन्मिरहन्छन्, चेतना विकास भई नै रहेका छन्। हामी कलम चलाइरहेका छौँ, वकालत गरिरहेका छौँ, स्वरोजगारर बन्ने प्रयास सदावहार जारी रहनेछ, हामी सिकिरहौँ-सिकाइरहौँ। समृद्धपन कहाँ एक दिन हो र? हामी जीवन्त लागिरहन्छौँ।

जय युवा

जय गण्डकी

जय देश